## बुटवल उप-महानगरपालिका कार्यालयको वार्षिक प्रगति समीक्षा बैठकको निष्कर्ष सम्बन्धी सूचना ।

आ.व. २०७२/०७३ मा बुटवल उप-महानगरपालिका एवं नगर क्षेत्रमा रहेका विषयगत कार्यालयहरु र संघ संस्थाहरुद्धारा सम्पादीत कार्यहरुको प्रगति समीक्षा गर्ने उद्धेश्यले बुटवल उप-महानगरपालिकाद्धारा आयोजना गरिएको मिति २०७३/०४/३१ गतेको समीक्षा बैठकबाट निम्न बमोजिमका निष्कर्ष प्राप्त भएको हुंदा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. तिनाउ तथा दानव नदी र ठाडो खोल्सीहरुमा तटवन्धका लागि पर्याप्त मात्रमा ग्याविन जाली तथा रिर्टेनिङ वाल लगाउने कार्य वर्षा लाग्नु अगावै प्रथामिकताका साथ कार्यान्वयन गर्न सम्वन्धित निकायसंग समन्वय गर्ने ।

२. वार्षिक वजेटमा विनियोजित योजना तथा कार्यक्रमहरुलाई उपभोक्ता समिति मार्फत संचालन गर्दा सरल र सहज तवरबाट लागत सहभागिता जुटाउने विषयमा उपभोक्ताहरुलाई यथेष्ट मात्रामा जानकारी गराउने ।

३. बुटवल उप-महानगरपालिकाभित्र योजना तथा कार्यक्रम संचालन गर्ने सरकारी/गैर सरकारी कार्यालय, संघसंस्थाहरुसंग एक आपसमा समन्वय गरी नगरको आर्थिक, समाजिक, भौतिक र मानविय विकासका लागि गरिने कार्यक्रमहरु कार्यान्वयन गर्न जोड दिने ।

४. भौतिक पूर्वाधार निर्माणतर्फ योजना छनौट गर्दा फुटकर योजनामा विनियोजन गर्नुको सट्टा परिमाण देखिने, धेरै लाभान्वित हुने क्षेत्रमा लगानी गर्ने ।

५. योजना संझौता गर्नु पूर्व योजनाबाट लाभान्वित उपभोक्ताहरुले बुटवल उप-महानगरपालिकालाई बुझाउनुपर्ने कर, दस्तुर र सेवा शुल्क बुझाई सक्नु पर्ने ।

६. भौतिक पूर्वाधार तर्फको सडक पिच गर्दा र मुख्य फराकिला सडकहरुमा बृक्षरोपण कार्यलाई कडाईका साथ लागु गर्ने ।

७. बुटवल उप-महानगरपालिका खुला दिशा मुक्त नगरपालिका घोषण भई सकेको हुंदा यात्रु महानुभावहरुका लागि स्थानको पहिचान गरी स्थानीय समुदाय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुपन्देही र उप-महनगरपालिका कार्यालयसंग को सहकार्य र समन्वयमा सार्वजनिक शौचालयको बन्दोबस्ती मिलाउदै जाने ।

८.पैदलयात्रुहरु आवगमन गर्ने झोलुङगे पूलहरु र तिनाउ पूल जिर्ण अवस्थामा रहेको हुंदा तत्काल सर्म्वान्धित निकायहरुले मर्मत संभारमा ध्यान दिने ।

९. शहरीकरण भईसकेका बस्ती तथा क्षेत्रहरुमा बिकृति र विसंगति बढ्दै गएको हुंदा सुरक्षा निकायले त्यसतर्फ ध्यान पुर्‍याउने ।

१०.लक्षित समूह (महिला, बालबालिका, अपाङ्ग, दलित, जेष्ठ नागरिक आदिवासी जनजाती) उत्थान सर्म्वान्धित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउदै लैजाने

उल्लेखित निष्कर्षलाई आगामी दिनमा बु.उ.म.न.पा. कार्यालय, विषयगत कार्यालय र संघ संस्थाहरुले सोही बमोजिम बजेट नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने निर्णय समेत भएको व्यहोरा सूचित गरिन्छ ।

बुटवल उप-महानगरपालिका कार्यालय, बुटवल.
ध्रुव बहादुर खड्का
कार्यकारी अधिकृत

**सबल आर्थिक केन्द्र, समुन्नत बुटवल**